# ४६औँ इफाप्का सम्मेलन सकियो

■ आर्थिक संवाददाता
काठमाडौं मंसिर ९

१४ बुँदे काठमाडौं घोषणापत्र जारी गर्दै ४६ औँ इफाप्का सम्मेलन राजधानीमा सम्पन्न भएको छ । सम्मेलनअन्तर्गत शुक्रबार भएको समापन कार्यक्रममा इफाप्का अध्यक्ष समेत रहेका नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले १४ बुँदे काठमाडौं घोषणा पत्र जारी गरेका थिए ।

दिगो पूर्वाधारले आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने भए पनि बढ्दो जनसंख्या, सहरीकरण, जलवायु परिवर्तनलगायतका कारण दिगो पूर्वाधारको उद्देश्यमा चुनौती थपिएकाले तत्काल आवश्यक कदम चाल्नुपर्ने घोषणापत्रमा उल्लेख छ । प्राकृतिक विपत्तिसँग जुध्ने खालको संरचना निर्माण आजको आवश्यकता भएको भन्दै घोषणापत्रमा भौतिक पूर्वाधार निर्माणमा समग्र परियोजना चक्रलाई नै ध्यान दिनुपर्ने उल्लेख छ । जलवायु अनुकूल पूर्वाधार निर्माण, कार्बन उत्सर्जनमा कटौती, परियोजनाको तयारीमा उपयुक्त अन्तर्राष्ट्रिय अभ्यास जस्ता बुँदाहरु पनि घोषणापत्रमा समेटिएका छन् । सहरी पूर्वाधारसहित ऊर्जा, यातायातलगायतका क्षेत्रमा उच्च प्राथमिकता दिनुपर्ने बुँदाहरु घोषणापत्रमा रहेका छन् ।

दिगो पूर्वाधारमा साझेदारी भन्ने नारासहित मंसिर ५ बाट सुरू भएको सम्मेलनको उद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलले गरेका थिए । प्रधानमन्त्रीसहित मन्त्रीहरु समेत सहभागी सम्मेलनमा स्वदेश तथा




विदेशका गरी चार सय ५० भन्दा बढी प्रतिनिधिहरु सहभागी थिए ।

यस्तै, सम्मेलनमा इफाप्का अध्यक्ष रवि सिंह र महासचिव वीरेन्द्रराज पाण्डेले नेपालका उत्कृष्ट निर्माण कम्पनीहरूलाई सम्मान गरेका थिए । सोअन्र्तगत सिभिल इन्जिनियरिङ विधामा कालिका कन्स्ट्रक्सन प्रालिले गोल्ड अवार्ड र जय विष्णु निर्माण सेवा प्रालिले सिल्भर अवार्ड जितेको थियो । यस्तै, बिल्डिङ कन्स्ट्रक्सन विधामा समानान्तर निर्माण सेवा प्रालिले गोल्ड र न्यु टेक्निकल इन्फ्रा प्रालिले सिल्भर अवार्ड हात पारेको छ ।

साथै, दशौं पटकसम्म इफाप्का सम्मेलनमा सहभागी भएका पूर्व इफाप्का अध्यक्ष गणेशलाल श्रेष्ठ र इफाप्काका महासचिव वीरेन्द्रराज पाण्डेलाई पनि सम्मान गरिएको थियो । यसैगरी, पाँचौं पटकसम्म इफाप्का सम्मेलनमा सहभागी महासंघका मानार्थ सदस्य तथा पूर्वअध्यक्ष जीपछिरिङि लामा शेर्पा, निवर्तमान अध्यक्ष विष्णुभाइ श्रेष्ठ, महासचिव रोशन दाहाल, कार्य समिति सदस्य उज्वल गौतम, इफाप्का बोर्ड मेम्बर सुशीलकुमार श्रेष्ठसहित निर्माण व्यवसायीहरु बसन्तबहादुर चन्द, भीमबहादुर पाल, झकबहादुर गुरूङ, नवराज श्रेष्ठ र मुनेश्वर चौधरीलाई पनि कार्यक्रममा सम्मान गरिएको थियो ।

***४७ औं इफाप्का सम्मेलन सिंगापुरमा***

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले इफाप्का अध्यक्षको आफ्नो जिम्मेवारी सिंगापुरका केनेथ लुलाई हस्तान्तरण गरेका छन् । गत एक वर्षअघिदेखि इफाप्का अध्यक्षको जिम्मेवारीमा रहेका सिंहले शुक्रबार आफ्नो जिम्मेवारी लुलाई हस्तान्तरण गरेका हुन् ।

सिंहको कार्यकालमा इफाप्का महासचिवको भूमिका वीरेन्द्रराज पाण्डेले निर्वाह गरेका थिए भने नेपालका सुशीलकुमार श्रेष्ठ बोर्ड मेम्बरको भूमिकामा रहेका थिए । अब सिंगापुरका लुलाई इफाप्का अध्यक्षको रूपमा निवर्तमान अध्यक्ष सिंहले सपथ गराएसँगै ४७ औं इफाप्का सन् २०२५ को अप्रिलमा सिंगापुमा हुने भएको छ । नेपालले यसअघि सन् १९९९ मा ३० औं इफाप्का सम्मेलन आयोजना गरेको थियो ।

# च्छोरोल्पा हिमतालमा पर्यटकको घुइँचो



■ सुबास बस्नेत
दोलखा, मंसिर ९

जिल्लाको गौरीशङ्कर गाउँपालिका-९ स्थित च्छोरोल्पा हिमताल जाने पर्यटकको घुइँचो लाग्न थालेको छ । वर्षात्को समयमा आवतजावत करिब बन्द रहेको च्छोरोल्पा हिमताल जाने पदयात्रुको संख्यामा असोज महिनादेखि भने उल्लेख्य वृद्धि भएको हो ।

हिमताल क्षेत्रमा जाने पर्यटकहरूको घुइँचो लाग्न थालेको स्थानीय मिङमा शेर्पाले जानकारी दिए । समुद्र सतहबाट चार हजार पाँच सय ८० मिटरको उचाइमा रहेको सो तालसम्म पुग्न पाँच दिनको पैदल यात्रा गनुपर्ने हुन्छ । गौरीशङ्कर गाउँपालिकाको रोल्वालिङ उपत्यकामा रहेको सो स्थान पदयात्राका लागि अति नै रमणीय एवम् रोमाञ्चक स्थलको रूपमा रहेकाले सबैको आकर्षणको केन्द्र बन्दै गइरहेको स्थानीय रत्ना तामाङले बताइन् ।

उनका अनुसार कोरोना महामारीअघि बाह्य पर्यटकले खचाखच हुने गर्थ्यो । अहिले महामारी सकिए पनि फाट्टुफुटबाहेक खासै बाह्य पर्यटक आएका छैनन् । तर आन्तरिक पर्यटकहरूको भने भीड लाग्ने छ । आन्तरिक पर्यटकहरूको भीडले होटल व्यवसायीहरूलाई धान्न हम्मेहम्मे परेको होटल व्यवसायी थुल्डु शेर्पाले बताए ।

यो दशैं तथा तिहारको समयमा मात्रै करिब एक हजार आन्तरिक पर्यटकले हिमतालको भ्रमण गरेका छन् । साथै, सो संख्या दिनप्रतिदिन बढ्दै गइरहेको छ । सिमीगाउँबाट सुरमुर्चे, क्याल्चे, दोङ्याङ, वेदिङ र ना हुँदै यो तालसम्म पुग्न सकिन्छ । साहसिक पदयात्राका लागि अति नै रमणीय एवम् रोमाञ्चक स्थलको रूपमा प्रख्यात मानिने रोल्वालिङ उपत्यकाको च्छोरोल्पा पुग्दा संसार जितेको महसुस हुने आन्तरिक पर्यटकहरूको भनाइ रहेको छ ।


## Invitation for Bids

Government of Nepal(GoN)

## Sundarbazar Municipality

Invitation for Bids

**Date of first publication: 26 November 2023**

1. ***Sundarbazar Municipality*** invites electronic bids from Nepalese eligible bidders for the *Upgrading of road from phedikuna aiseluchaur to chandikot* under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sundarbazar Municipality, Lamjung, Email :- sundarbazarmun@gmail.com, Telephone :- 066- 402226** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to the office **Sundarbazar Municipality,Lamjung** through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on **26 December 2023.** Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **26 December 2023** ***13:00*** at the office of **Sundarbazar Municipality,Lamjung**. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **as mentioned below** which shall be valid for 30 days beyond the validity period of the bid.
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| SN | Contract Identification No. | Description of Works | Estimated Amount NRs (With VAT) | Bid Security Amount NRs and Validity | Bid Document Cost NRs |
|---|---|---|---|---|---|
| 1 | EGP/NCB/SB/ PA/080/081/04 | Upgrading of road from phedikuna aiseluchaur to chandiko | 99,99,565/- | 2,50,000/- (120 days) | 3000 |

**Chief Administrative Officer**

## Tripurasundari Municipality
## Office Of Municipal Executive

**Tripurakot Bagar, Dolpa**
**Karnali Provience, Nepal**

## INVITATION FOR BID

**First Date of Publication: 2080/08/10**

1. ***Tripurasundari Municipality,Bagar,Dolpa*** has allocated the budget towards the cost of *Procurement of Construction* to apply part of the funds to cover eligible payments under the Contract for Procurement of goods as follows. Bidding is open to all eligible Bidders from Nepal.
2. The Office of the ***Tripurasundari Municipality,Bagar, Dolpa***, invites bids from eligible bidders for the procurement of construction.
3. The Bidder having valid firm registration, VAT/PAN registration certificates, tax clearance certificate up to FY 2079/080 are eligible for E-bidding.
4. Interested eligible Bidders may obtain further information and inspect the bidding documents at ***Tripurasundari Municipality, Bagar, Dolpa***
5. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Tripurasundari Municipality, Bagar Dolpa.Ph.no: 9845279749, within office hours.
6. Bidding documents by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 3000.00 before ***2080/09/11 at 12:00 PM.***, The Bidders purchase the only E-Bidding of bidding documents, the Bidder shall be required to deposit cost of bidding document in the Municipality's Rajaswa (revenue) account either by direct deposit or by tele-transfer of deposit in the Municipality account for the purchase of the Bank deposit voucher .
   ***Information to deposit the cost of bidding document in Bank:***
   ***Name of the Bank: Machhapuchhre Bank Pvt. Ltd.***
   ***Name of the Office: Tripurasundari Municipality, Dolpa.***
   ***Office Account no. 0900068141500153 (revenue) Aantarik rajasawa Khata (Dolpa Branch)***
   ***Office Account no. 0900068141500051 Dharauti (Deposit) Account (Dolpa branch)***
7. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend ***02:00 P.M.*** on ***2080/09/11*** at the office of *Tripurasundari Municipality Bagar, Dolpa*. Bids must be valid for a period of ***90 days*** counting from the day of bid opening and must be accompanied by bid security, as follows, which shall be valid for minimum ***30 days*** beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. The name and identification of the contract are as follows:

| SNo | Contract ID No | Description of Work | Estimated Amount (Excluding VAT & Contingencies) | Bid Security Amount | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | TM/NCB/01/2080/081 | Khadang dekhi lahan samma ko motar batolie marmat tatha pahiro niyentran ward-05,Tripurasundari, Bagar, Dolpa | 83,80,129.62 | 2,80,000.00 | 3000.00 | |
| 2. | TM/NCB/02//2080/081 | Supani Ranga Motar bato isthar unnati ward-04,Tripurasundari, Bagar, Dolpa | 84,23,917.10 | 2,80,000.00 | 3000.00 | |

**Chief Administrative officer**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत पत्र प्राप्त संस्था)
रजिष्टर्ड कार्यालय :काठमाडौं-२, टंगाल, फोन : ०१- ४४४३०७७, ४४४३०७९
Email: info@kumaribank.com, URL: www.kumaribank.com
को

## संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना

कुमारी बैंक लिमिटेडको देहायका संस्थापक शेयरधनीले देहाय बमोजिमको संस्थापक शेयर बिक्री गर्न ईच्छुक भै बैंक समक्ष निवेदन दिनु भएको र नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बिक्री गर्न प्रस्ताव गरिएको संस्थापक शेयर खरिद गर्ने पहिलो हक विद्यमान संस्थापकहरुमा रहने भएकोले उक्त शेयर खरिद गर्न ईच्छुक विद्यमान संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र बैंकको शेयर रजिष्ट्रार, कुमारी क्यापिटल लिमिटेड काठमाण्डौ-१ नक्साल, नागपोखरी वा कुमारी बैंक लिमिटेडको प्रधान कार्यालय काठमाण्डौ टंगालमा आईपुग्ने गरी आवेदन गर्नुहुन सुचीत गराईएको छ। सो शेयरको बिक्री मूल्य बिक्रेताले तोके बमोजिम हुनेछ। म्याद भित्र विद्यमान संस्थापकहरुबाट आवेदन नपरेमा संस्थापक भन्दा बाहिर शेयर बिक्रीको प्रक्रिया अगाडि बढ्न सक्ने व्यहोरा समेत अनुरोध गरिन्छ ।

तपसिल

शेयर बिक्रीको लागि निवेदन दिनेको विवरण :

| क.सं. | शेयरधनीको नाम ठेगाना | बिक्री गर्ने शेयर संख्या |
|---|---|---|
| १. | लिला बहादुर गुरुङ, रुम्जाटार-९, ओखलढुङ्गा | ९१,६३८ (एकान्नब्बे हजार छ सय अड्तीस मात्र) |

**शेयर रजिष्ट्रारको पुरा नाम र ठेगाना:**
कुमारी क्यापिटल लिमिटेड
KUMARI CAPITAL LIMITED
Invest for your Future
का.जि. का.म.न.पा., वडा नं. ०१, नागपोखरी, नक्साल
फोन नं. ०१-५९७००८२
Email: info@kumaricapital.com, Web : www.kumaricapital.com

## धुलिखेल माउन्टेन रिसोर्टको वातावरणीय परिक्षण (IEE) गर्ने सम्बन्धमा सार्वजनिक सुचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०८/१०**

वाग्मती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, पाँचखाल नगरपालिकामा धुलिखेल माउन्टेन रिसोर्ट प्रा.लि. द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **धुलिखेल माउन्टेन रिसोर्ट प्रा.लि,** पाँचखाल न.पा. वडा नं.५, खावा, वाग्मती प्रदेश |
| प्रस्तावकको व्यहोरा | **प्रस्ताव :** धुलिखेल माउन्टेन रिसोर्ट, **मुख्य विशेषता :** |
| प्रस्तावित आयोजना रहने जग्गाको कुल क्षेत्रफल | ५०५४४.६७ वर्ग मि. (९९-५-२-३.१८) . |
| कित्ता नं. | ९२५, ४२५, ४२७, ४२९, ५०३, ५०५, ३७२, ४२०, ३०४, ३१६, ३१९, ५९८, ३१८, ५०४, ५०६, ५०७, ५७१, ३७३, ७८५, ७८६, ४२४, ४२६, ४२८, ५९९, ५३८, ५३९, ३०५ |
| आयोजनाको उद्देश्य | रिसोर्ट सञ्चालन |
| जम्मा कोठा तथा बेड क्षमता | ४२ कोठामा ९० बेड |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | काभ्रेपलाञ्चोक जिल्ला, पाँचखाल न.पा. वडा नं.५, खावा |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने शिलशिलामा, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ नियम ७ उपनियम २ को प्रावधान अनुसार राय सुझाब संकलन प्रायोजनको लागि यो सुचना प्रकाशित गरिएको छाउक्त प्रस्ताव (होटल सञ्चालन) कार्यान्वयन गर्दा त्यस क्षेत्रको भौतिक, जैविक, रासायनिक, सामाजिक आर्थिक एवं सांस्कृतिक वातावरण एवं अन्य क्षेत्रमा प्रभाव पर्ने वा पर्न सक्ने भए सो सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगनामा आइपुग्ने गरी लिखित राय सुझाव वा सरोकारहरु पठाउनु हुन सम्बन्धित स्थानिय सबै सरोकारवालाहरुलाई अनुरोध गर्दछौं ।

**राय सुझाव पठाउने ठेगाना :**

**प्रस्तावक:**
धुलिखेल माउन्टेन रिसोट प्रा. लि
पाँचखाल न. पा. वडा नं. ५,
काभ्रेपलाञ्चोक, वाग्मती प्रदेश,
फोन नं: ९८०११६८९७७
इमेल: :finance.dmrnepal@gmail.com

**सम्बन्धित महानगरपालिका:**
पाँचखाल न.पा. वडा नं. ५
काभ्रेपलाञ्चोक, वाग्मती, प्रदेश,
इमेल info@pokharamun.gov.np
फोन नं: ०११-४९९४५१
इमेल: panchkhalmunicipality@gmail.com

**परामर्शदाता:**
जूनिपर इन्भाईरोमेण्टल एण्ड रिसर्च
कन्सल्टेन्ट, काठमाडौं, इमेल: info.jerc@gmail.com
फोन नं: ०१-५९१४३५४, ९८५११५८५१९


आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । *अध्यक्ष* : प्रल्हाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । *कार्यालय* : कुपण्डोल, ललितपुर । *फोन* : ०१-५९०२१३६, *फ्याक्स* : ०१-५९०२१३९ e-mail : aarthik.dainik@gmail.com । *सम्पादक* : रामप्रसाद पुडासैनी